अमेरिकी राजदूत पावेलद्वारा प्रधानमन्त्री कोइरालासँग भेट

अमेरिकी राजदूत न्यान्सी पावेलले परामर्शका लागि संयुक्त राज्य अमेरिका प्रस्थानको तयारीका सिलसिलामा आज प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग भेट गर्नुभयो ।

उहाँहरूले निर्वाचनको अन्तिम परिणामसँगै विकसित पछिल्लो राजनैतिक-आर्थिक अवस्थाबारे छलफल गर्नुभयो । राजदूत पावेलले प्रधानमन्त्री कोइरालाद्वारा नयाँ सरकार गठनका लागि छलफल र सहमतिको आह्वान गर्दै जारी गरिएको बक्तव्यको स्वागत गर्नुभयो ।

राजदूत पावेलले नेपाली अधिकारीहरूद्वारा तिब्बतीहरूमाथि गरिएको व्यवहारसम्बन्धमा अमेरिकाको औपचारिक चासो रहेको कुरा राख्नुभयो । उहाँले प्रधानमन्त्रीसमक्ष शान्तिपूर्ण विरोध गर्न पाउने अधिकार तथा नेपालमा रहेका तिब्बतीहरूको मानव अधिकारको सम्मान सुनिश्चित गर्न आग्रह गर्नुभयो । उहाँले अप्रिल २८ मा स्वयम्भुनाथ क्षेत्रमा तिब्बतीहरूको विरोध प्रदर्शनका क्रममा प्रदर्शित सम्मानपूर्ण व्यवहारको स्वागत गर्नुभयो ।

########